# सार्क कार्यशाला गोष्ठीको समापन

Asia-Pasific Commnunity of Practice on Managing for Development Results (APCOP) र Asian Development Bank, South Asia Department & Nepal Resident Mission को संयुक्त तत्वावधानमा महालेखापरीक्षकको कार्यालयले काठमाडौंमा ३ देखि ७ मार्चसम्म सञ्चालन गरेको ५ दिने सार्क क्षेत्र स्तरीय "Result - Based and Hormonized Project Reporting & Auditing in Nepal - Special Focus on Donor Funded Project" विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा नेपालका महालेखापरीक्षकको कार्यालयसहित दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनमा आबद्ध भारत, बंगलादेश, श्रीलंका, माल्दिभ्स, भुटान, अफगानिस्तान, पाकिस्तान, महालेखा नियन्त्रक कार्यालय र एसियाली विकास बैंकको सहयोगमा सञ्चालित दुई आयोजनाको प्रतिनिधिको समेत सहभागिता रहेको थियो ।

कार्यक्रमको समापनको अवसरमा उप–महालेखापरीक्षक श्री विमला सुवेदीबाट समापन मन्तव्य दिनु हुँदै उहाँले दातृ निकायको सहयोगमा सञ्चालित आयोजना हिसाबको लेखापरीक्षण र प्रतिवेदन एकरुपता कायम गर्न र नतिजामूलक बनाउन दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरुलाई सहयोग पुगेको साथै यो कार्यक्रमबाट दातृ राष्ट्र तथा निकायलाई समेत उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा एसियाली विकास बैंकको नेपाल आवासीय नियोगका सिनियर पब्लिक म्यानेजमेन्ट स्पेशलिष्ट श्री सिद्धान्त विक्रमले यस किसिमको कार्यशालाबाट सम्बन्धित सबै पक्ष लाभान्वित हुने बताउनुभयो ।